**Journal of Tikapur Multiple Campus**
Vol.6; June 2023
ISSN: 2382-5227
Published by Research Management Cell (RMC)
Tikapur Multiple Campus

# ऐतिहासिक भाषाविज्ञानका सन्दर्भमा नेपाली भाषा

**लयप्रसाद खतिवडा**
टीकापुर बहुमुखी क्याम्पस, टीकापुर, नेपाल
Email: khatiwadalaya@gmail.com

**लेखसार**

यस लेखमा ऐतिहासिक भाषाविज्ञानको परिचय, अध्ययन क्षेत्र र नेपाली भाषाको ऐतिहासिक अध्ययन गरिएको छ। भाषाको उत्पत्ति, विकास, परिवर्तनका आन्तरिक र बाह्य कारण, वर्गीकरण, दुई वा दुईभन्दा बढी समयको कालिक अध्ययन, स्थानिक अध्ययन र पुनर्निर्माण के कसरी भएको छ त्यसको अध्ययन ऐतिहासिक भाषाविज्ञानले गर्दछ। यस अध्ययनमा पुस्तकालयीय अध्ययनद्वारा सामग्री सङ्कलन गरिएको छ । सुविधाजनक र उद्देश्यमूलक नमुना छनोट विधिबाट प्राप्त भएका सूचनाका आधारमा व्याख्या विश्लेषण गरिएको छ । यस अध्ययनमा दस्तावेज, भाषा र व्याकरणका पुस्तक, पुराना ग्रन्थ, लेखरचना, पत्रपत्रिका आदिबाट सामग्री सङ्कलन गरी विश्लेषण गरिएको छ । यस अध्ययनमा ऐतिहासिक भाषाविज्ञानको परिचय, अध्ययन क्षेत्र र नेपाली भाषाको ऐतिहासिक स्वरूप केकस्तो छ ? भन्ने प्रश्नमा केन्द्रित रहेर त्यसको व्याख्या विश्लेषण गरिएको छ। ऐतिहासिक भाषाविज्ञानका बारेमा अध्ययन अनुसन्धान गर्न चाहनेहरूका लागि यो लेख औचित्यपूर्ण र उपयोगी हुनेछ। ऐतिहासिक भाषाविज्ञानमा भाषाको विकास, परिवर्तनको कारण, कालिक र स्थानिक अध्ययन र भाषिक पुनर्निर्माण आदि कारणको खोजी गरिन्छ। प्रस्तुत अनुसन्धानमूलक लेखमा वर्णनात्मक र विश्लेषणात्मक विधिको अवलम्बन गरिएको छ। यस अध्ययनमा सङ्कलित सामग्रीलाई गुणात्मक ढाँचामा आधारित भई विश्लेषण गरिएको छ।

***शब्दकुञ्जी*** : अध्ययन क्षेत्र, पुनर्निर्माण, कालिक, स्थानिक अध्ययन, पद्धति, ।

## परिचय

भाषाविज्ञानका विभिन्न शाखाहरूमध्ये ऐतिहासिक भाषाविज्ञान एक महत्त्पूर्ण शाखा मानिन्छ । भाषाविज्ञानको अध्ययन गर्ने प्रमुख पद्धतिमा ऐतिहासिक, तुलनात्मक र वर्णनात्मक पर्दछन् । भाषाको उत्पत्ति, विकास, परिवर्तन, वर्गीकरण, पुनर्निर्माण आदि विभिन्न पक्षको अध्ययन ऐतिहासिक भाषाविज्ञानमा गरिन्छ । भाषाको ऐतिहासिक पक्षको वैज्ञानिक अध्ययन गर्ने परम्पराको थालनी १९ औँ शताब्दीमा भएको हो । भाषाविज्ञानको उत्पत्ति, विकास र परिवर्तनको अध्ययन गर्ने मुख्य

*Copyright 2023 ©Author(s)* *This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

शाखा नै ऐतिहासिक भाषाविज्ञान मानिन्छ । साथै समयसँगसँगै भाषामा आएको परिवर्तनलाई अध्ययन गर्ने विज्ञानलाई ऐतिहासिक भाषाविज्ञान भनिन्छ । शर्मा र बराल (२०५५) का विचारमा कुनै भाषाको दुई भिन्न विन्दुलाई वा पूरै इतिहासको अध्ययन ऐतिहासिक भाषाविज्ञानले गर्दछ (पृ. ९) । भाषाका विभिन्न क्षेत्रहरू ध्वनि, वर्ण, रूप, वाक्य, अर्थ आदिमा केकस्तो र कसरी परिवर्तन भएको छ त्यसको अध्ययन ऐतिहासिक भाषाविज्ञानमा गरिन्छ । यसलाई बहुकालिक भाषाविज्ञान पनि भनिन्छ । भाषाको कालक्रमिक परिवर्तन तथा विकासको अध्ययनलाई ऐतिहासिक भाषाविज्ञान भनिन्छ (शर्मा र लुइटेल, २०६४, पृ. २२७) । ऐतिहासिक भाषाविज्ञानको पृष्ठभूमि १८ औँ शताब्दीमा भए तापनि यसको प्रारम्भ १९ औँ शताब्दीमा भएको मानिन्छ । विलियम जोन्सले संस्कृत, ग्रिक, ल्याटिन, गोथिक, केल्टिक र फारसी भाषा एउटै मूल भाषाबाट विकसित भएको हो भन्ने अवधारणका आधारमा यसलाई ऐतिहासिक भाषाविज्ञानको प्रारम्भिक जग मानिन्छ (भुसाल, २०७०, पृ.३०४) । यसरी भाषाको ऐतिहासिक अध्ययन गर्ने एक छुट्टै शाखाका रूपमा ऐतिहासिक भाषाविज्ञान विकसित भएको देखिन्छ । ऐतिहासिक भाषाविज्ञानको प्रारम्भपछि नै भाषाको व्यवस्थित अध्ययन भएको मानिन्छ ।

ऐतिहासिक भाषाविज्ञानले भाषामा भएको सिङ्गो इतिहासको विकास, परिवर्तन, परिवर्तनका आन्तरिक र बाह्य कारणलाई अध्ययन गर्दछ । दुई वा दुईभन्दा बढी समयको कालिक अध्ययन, समग्र कालको अध्ययन, स्थानिक अध्ययन, भाषाको उद्भव र वर्गीकरण के कसरी भएको छ आदिको समग्र अध्ययन विश्लेषण गर्ने काम ऐतिहासिक भाषाविज्ञानले गर्दछ । भुसाल (२०७०) का विचारमा ऐतिहासिक भाषाविज्ञान भाषान्तरिक अन्तर्भाषिकसँग सम्बन्धित हुन्छ (पृ.२९८) । भाषान्तरिकमा एउटै भाषाका ध्वनि, वर्ण, रूप, शब्द, वाक्य र अर्थ आदिमा समयानुसार देखापर्ने विकास र परिवर्तनको अध्ययन गरिन्छ । अन्तर्भाषिक अध्ययनमा विभिन्न भाषामा भएको परिवर्तनलाई हेरिन्छ । ऐतिहासिक भाषाविज्ञान प्राचीन अभिलेखमा आधारित हुने हुँदा भाषा कसरी परिवर्तन हुँदै वर्तमान स्वरूपमा आइपुगेको छ भन्ने वास्तविकताको खोजी यस भाषाविज्ञानले गर्दछ । संस्कृत > प्राकृत >अपभ्रंश हुँदै आधुनिक आर्यभाषा नेपाली, मैथिली, भोजपुरी आदि भाषाको विकासका साथै परिवर्तनको क्रम हेर्ने काम ऐतिहासिक भाषाविज्ञानमा गरिन्छ ।

भाषाविज्ञानको ऐतिहासिक अध्ययनको सम्बन्ध के भएको थियो भन्ने भूतकालसँग सम्बन्धित हुन्छ । यस अध्ययनले वर्तमान र भविष्यको अध्ययन नगरी भाषासँग सम्बन्धित ऐतिहासिक विषयवस्तुको अध्ययन विश्लेषण गर्दछ । ऐतिहासिक भाषाविज्ञानले भाषाका एकाइहरू ध्वनि, वर्ण, रूप, वाक्य, अर्थ आदिको ऐतिहासिक सम्बन्ध खोजी गर्दछ । समाज, भाषा, भाषिका, साहित्य आदिको अध्ययन ऐतिहासिक भाषाविज्ञानसँग प्रत्यक्ष जोडिएको हुन्छ । ऐतिहासिक भाषाविज्ञानले वर्तमान र भविष्यको भाषालाई प्रभावित पारेको हुन्छ । ऐतिहासिक भाषाविज्ञानमा भाषाको तर्कसङ्गत किसिमले खोज गरी सूचना वा प्रमाणका आधारमा निष्कर्षमा पुगिन्छ । ऐतिहासिक विषयको तथ्याङ्क सङ्कलन गर्दा त्यसको प्रमाण जुटाउन, वैधता हासिल गर्न र परीक्षण गरी व्याख्या विश्लेषण गर्न अनुसन्धानकर्ता सचेत हुनुपर्दछ । भाषाको ऐतिहासिक अध्ययनमा सरकारका निर्णय, अधिकारपत्र, अनुमतिपत्र, घोषणापत्र, व्यक्ति विशेषको आत्मवृत्तान्त, घटना वर्णन, दैनिकी, कार्यालयसम्बन्धी अभिलेख, ताम्रपत्र, शिलापत्र, बिल भौचर, समाचारपत्र आदिबाट तथ्याङ्क सङ्कलन गर्न सकिन्छ ।

ऐतिहासिक भाषाविज्ञान र नेपाली भाषाको पहिचान गरी यसको अध्ययन क्षेत्र, उत्पत्ति, विकास, परिवर्तनका कारण, वर्गीकरण, पुनर्निर्माण र नेपाली भाषामा ऐतिहासिक अध्ययन केकसरी गरिएको छ ? भन्ने प्रश्न नै प्रस्तुत अध्ययनको मुख्य समस्या हो । ऐतिहासिक भाषाविज्ञानको पहिचान गरी यसका अध्ययन क्षेत्र र नेपाली भाषाको व्याख्या विश्लेषण गरी एउटा निष्कर्षमा कसरी पुग्न सकिन्छ ? भन्ने प्रश्नलाई समस्या बनाएर प्रस्तुत लेख तयार गरिएको छ ।

ऐतिहासिक भाषाविज्ञानको पहिचान, क्षेत्र र नेपालीभाषाका बारेमा उत्पन्न समस्याको समाधान गर्नु नै यस अध्ययनको उद्देश्य हो । ऐतिहासिक भाषाविज्ञानको पहिचान, भाषाको उत्पत्ति, विकास, स्थानिक, परिवर्तनका कारण, वर्गीकरण, पुनर्निर्माण र नेपाली भाषामा ऐतिहासिक अध्ययन पद्धतिको बारेमा प्राप्त तथ्यका आधारमा व्याख्या विश्लेषण गरी एउटा निष्कर्षमा पुग्नु यस अनुसन्धानमूलक लेखको उद्देश्य रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन वर्णनात्मक तथा विश्लेषणात्मक ढाँचामा आधारित रहेको छ । यस लेखमा विषयवस्तुको सरसर्ती वर्णन गरिएको छ । यस अनुसन्धानमूलक लेखमा प्राथमिक र द्वितीय स्रोतबाट सामग्री सङ्कलन गरी विश्लेषण गरिएको छ । यस अध्ययनमा पुस्तकालयीय अध्ययनद्वारा सामग्री सङ्कलन गरिएको छ । ऐतिहासिक भाषाविज्ञानका बारेमा प्रकाशित भाषा र व्याकरणका पुस्तक, पुराना ग्रन्थ, लेखरचना, पत्रपत्रिका आदिबाट सामग्री सङ्कलन गरिएको छ । यस लेखमा सुविधाजनक र उद्देश्यमूलक नमुना छनोट विधिबाट प्राप्त भएका सूचनाका आधारमा व्याख्या विश्लेषण गरिएको छ । ऐतिहासिक भाषाविज्ञानसम्बन्धी पूर्ववर्ती अध्येताहरूले गरेका अध्ययन विश्लेषणबाट द्वितीयक सामग्री सङ्कलन गर्नुका साथै ऐतिहासिक भाषाविज्ञानको सैद्धान्तिक पक्षको अध्ययन गरी त्यसका आधारमा विश्लेषण गरिएको छ । यस लेखमा ऐतिहासिक भाषाविज्ञानको पहिचान, अध्ययन क्षेत्र र नेपाली भाषाको ऐतिहासिक अध्ययन पद्धतिका बारेमा केन्द्रित रहेर विश्लेषण गरिएको छ । सैद्धान्तिक आधारमा व्याख्या विश्लेषण गरिएको हुँदा यसमा गुणात्मक अध्ययन पद्धति अवलम्बन गरिएको छ । यस अध्ययनको अन्त्यमा प्राप्त भएका सूचना र सामग्रीका आधारमा व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक अवधारणा

ऐतिहासिक भाषाविज्ञान र नेपाली भाषाको अध्ययन गर्ने सन्दर्भमा सिद्धान्त निर्माण गरिएको छ । सैद्धान्तिक आधारबिना गरिएको विश्लेषण वास्तविक र अनुसन्धानमूलक हुन सक्दैन । ऐतिहासिक भाषाविज्ञानको सैद्धान्तिक आधार निर्माण गर्ने क्रममा शर्मा र शर्मा (सन् १९९९), शर्मा (सन् १९९६), श्रीवास्तव (सन् १९९७), तिवारी (सन् २००६), रावत (सन् २००५), पाँडे (सन् २००७) लाई सन्दर्भका रूपमा लिइएको छ । नेपाली भाषाबाट सन्दर्भ लिने क्रममा अधिकारी (२०४९), (२०५२), (२०६२) र (२०६८), गिरी, (२०५१), न्यौपाने (२०६१), बन्धु (२०५३), गौतम र लुइटेल (२०५३), पोखरेल (२०५४), शर्मा र बराल (२०५५), शर्मा (२०५६) यादव र रेग्मी (२०५८) लाई आधार बनाइएको छ । विश्वविद्यालयको औपचारिक तह पूरा गर्ने प्रयोजनका लागि तयार पारिएका शोधपत्र र शोधप्रबन्धहरूलाई सिद्धान्तका

रूपमा उपयोग गरिएको छ । यस अध्ययनमा ऐतिहासिक भाषाविज्ञान र नेपाली भाषामा अध्ययनभएका अनुसन्धानमूलक लेखलाई समेत प्रयोग गरिएको छ ।

## नतिजा र छलफल

परिणाम र छलफलअन्तर्गत अध्ययन अनुसन्धानबाट प्राप्त विभिन्न तथ्यहरूलाई उपशीर्षकहरू तय गरी व्याख्या विश्लेषण गरिएको छ । तिनलाई निम्नानुसार विभिन्न उपशीर्षकमा राखी प्राप्त नतिजाका आधारमा निष्कर्षमा पुगिएको छ ।

### ऐतिहासिक भाषाविज्ञान

मानवीय अनुभव र अनुभूतिलाई सम्प्रेषण गर्ने सशक्त माध्यम भाषा हो । भाषाका बारेमा पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले प्रशस्त चिन्तनमनन गरेका छन् । भाषा मानव मात्रको विशिष्ट सम्पति भएकाले समय, समाज र संस्कृतिका सम्पूर्ण कुराहरूलाई प्रस्तुत गर्न, अर्को पुस्तामा हस्तान्तरण गर्न र भाषालाई व्यवस्थित बनाउन पौरस्त्य तथा पाश्चात्य चिन्तन परम्परामा विभिन्न अध्ययन पद्धतिको प्रयोग भएको पाइन्छ । ऐतिहासिक भाषाविज्ञानले भाषाका ध्वनि, वर्ण, रूप, वाक्य, अर्थलगायत भाषासँग सम्बन्धित अन्य पक्षमा वैज्ञानिक अध्ययन र चिन्तन गरी सैद्धान्तिक र प्रायोगिक क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएको छ । भाषाको अध्ययनमा ऐतिहासिक, कालक्रमिक, समकालिक, तुलनात्मक, सैद्धान्तिक, प्रायोगिक आदि विभिन्न पद्धति प्रयोग भएका छन् । ऐतिहासिक भाषाविज्ञानले पौरस्त्य तथा पाश्चात्य भाषिक चिन्तनको अध्ययन गरेको छ । पौरस्त्य भाषिक चिन्तनमा मानव समाजको उत्पत्तिसँगै भाषाको विकास भए तापनि यसको अध्ययन परम्परा धेरैपछि मात्र सुरु भएको पाइन्छ । विश्वमा सर्वप्रथम भाषाको ऐतिहासिक चिन्तन गर्ने परम्परा पूर्वमा भएको  मानिन्छ । पूर्वीय भाषिक चिन्तनमा ऐतिहासिक रूपमा सर्वप्राचीन मानिएको ऋग्वेद र उत्तरवैदिक कालका ब्राह्मण, आरण्यक, उपनिषद् र वेदाङ्गहरू हुँदै वैदिक र लौकिक संस्कृत भाषाका विषयमा व्यापक चर्चा भएको देखिन्छ । ऐतिहासिक पद्धतिले पश्चिमी परम्परागत भाषिक चिन्तनमा सुकरात, प्रोटागोरस, प्लेटो, अरिस्टोटल, स्टोइक र अलेक्जेन्डर, डायोनिसस थ्रेक्स आदिको भूमिका महत्त्वपूर्ण रहेको तथ्यलाई स्वीकार गरेको छ ।

पूर्वीय परम्परामा भाषासम्बन्धी ऐतिहासिक खोजी गर्ने काम ऋग्वेदमा प्रयोग भएको 'चत्वारि वाक्' शब्दबाट प्रारम्भ भएको मानिन्छ (भुसाल, २०७०, पृ.२९९) । वाणीका चार रूपहरू परा, पश्यन्ती, मध्यमा र वैखरीमध्ये भाव वा विचारलाई व्यक्त गर्ने काम वैखरीले गर्दछ । परा, पश्यन्ती र मध्यमालाई वाणीको अव्यक्त रूप मानिन्छ । शब्दको व्युत्पत्ति, ध्वनि अवयव, उच्चारण र ह्रस्वदीर्घका बारेमा विवेचना गरिएको निरुक्त, अर्थको जानकारी दिने शब्दकोशको प्रारम्भिक रूप निघण्टु, पाणिनिद्वारा रचना गरिएको ३९९५ सूत्र रहेको सर्वप्राचीन व्याकरण अष्टाध्यायी आदिको ऐतिहासिक भाषाविज्ञानमा महत्त्वपूर्ण भूमिका रहेको छ (न्यौपाने, भण्डारी र न्यौपाले, २०६७, पृ. २-३) । वेदका छ अङ्गहरू शिक्षा, कल्प, ज्योतिष, निरुक्त, छन्द र व्याकरणमध्ये शिक्षा, निरुक्त, छन्द र व्याकरण ऐतिहासिक भाषाविज्ञानको अध्ययन क्षेत्रसँग सम्बन्धित छन् । पाणिनि, कात्यायन र पतञ्जलि तथा भरतमुनि, भामह दण्डी, वामन, रुद्रट मम्मट जस्ता आचार्यहरूले भाषाका बारेमा ऐतिहासिक रूपमा चर्चा परिचर्चा गरेका छन् ।

ऐतिहासिक भाषाविज्ञानमा आधुनिक भाषाविज्ञानका जन्मदाता संरचनाविद् भाषा वैज्ञानिक फर्डिन्याण्ड डी. सस्युर (१८५७-१९१३), रूपार्थपरक व्याकरणका पाइक (१९५४), व्यवस्थापरक व्याकरणका ह्यालिडे (१९६१), रूपान्तरण व्याकरणका नोम चम्स्की (१९५७), कारक व्याकरणका फिल्मोर (१९६५), स्तरपरक व्याकरणका ल्याम्ब (१९६२) को महत्त्वपूर्ण योगदान रहेको छ । ऐतिहासिक भाषाविज्ञानको विकासमा रसियाली सम्प्रदाय, प्राग सम्प्रदाय, फ्रान्सेली सम्प्रदाय, कोपेनहेगन सम्प्रदाय तथा रूपार्थपरक व्याकरण, व्यवस्थापरक व्याकरण, रूपान्तरण व्याकरण, कारक व्याकरण आदिको महत्त्वपूर्ण भूमिका रहेको छ। पश्चिमी ऐतिहासिक भाषिक चिन्तन परम्परा विभिन्न चिन्तक र तिनका दर्शन तथा मिश्र, ग्रिक, रोमन र अङ्ग्रेजी सभ्यताको विकाससँगै अगाडि बढेको देखिन्छ ।

ऐतिहासिक भाषाविज्ञानले भाषान्तरिक र अन्तर्भाषिक अध्ययन गर्दछ । एउटै भाषामा समयअनुसार कसरी परिवर्तन भएको छ त्यसको अध्ययन भाषान्तरिकमा गरिन्छ । एउटा भाषा र अर्को भाषाबिचमा, एउटै भाषिक परिवारका बिचमा तथा एउटा भाषिक परिवार र अर्को भाषिक परिवारका बिचमा के, कति समानता र भिन्नता छ त्यसको अध्ययन अन्तर्भाषिक अध्ययनमा गरिन्छ । भाषिक इतिहासको कालक्रमिक अध्ययन नै ऐतिहासिक भाषाविज्ञान हो । भाषाको उत्पत्ति कसरी भयो ? कसरी परिवर्तन हुँदै आजको अवस्थासम्म आइपुग्यो ? ध्वनि वर्ण, रूप, वाक्य, अर्थलगायत अन्य भाषिक एकाइहरूको कालक्रमिक अध्ययन विश्लेषण गर्ने काम ऐतिहासिक भाषाविज्ञानले गर्दछ। भाषाको प्राचीन, मध्यकालीन र आधुनिक कालको सामग्री सङ्कलन गरी विश्लेषण गर्ने काम ऐतिहासिक भाषाविज्ञानले गर्दछ । कुनै शब्द संस्कृत प्राकृत हुँदै नेपाली भाषामा आइपुग्दा कसरी परिवर्तन भएको छ त्यसको ऐतिहासिक विकासक्रम हेर्ने काम ऐतिहासिक भाषाविज्ञानले गर्दछ ; जस्तै :संस्कृत, प्राकृत, नेपाली र थारू भाषामा के कसरी परिवर्तन भएर प्रयोग गरिएको छ त्यसको ऐतिहासिक विकासक्रम हेर्न सकिन्छ :

| संस्कृत | प्राकृत | नेपाली | थारू |
|---|---|---|---|
| हस्त | हत्त | हात | हाथ |
| पत्र | पत्त | पात | पतिया |

माथि प्रस्तुत उदाहरणबाट ऐतिहासिक र तुलनात्मक भाषाविज्ञानबिचमा नजिकको सम्बन्ध रहेको देखिन्छ । ऐतिहासिक भाषाविज्ञानले भाषाको उत्पत्ति, विकास, परिवर्तन, वर्गीकरण आदिको कालक्रमिक इतिहासको अध्ययन गर्दछ भने तुलनात्मक भाषाविज्ञानले दुई भाषाबिचको तुलनात्मक अध्ययन गर्दछ । ऐतिहासिक पद्धतिले अध्ययनलाई व्यवस्थित र वैज्ञानिक बनाउने हुँदा भाषिक अध्ययनमा यसको आवश्यकता देखिन्छ ।

## ऐतिहासिक भाषाविज्ञानको अध्ययनको क्षेत्र

लेखको यस उपशीर्षकमा ऐतिहासिक भाषाविज्ञानको अध्ययन क्षेत्रअन्तर्गत विकास, परिवर्तन, परिवर्तनको कारण, कालिक र स्थानिक अध्ययन तथा पुनर्निर्माण शीर्षकमा विभाजन गरी अध्ययन गरिएको छ ।

विकासको अध्ययन : ऐतिहासिक भाषाविज्ञानले एक वा अनेक भाषाको विकासको अध्ययन गर्दछ । भाषाको उत्पत्ति, विकास, स्वरूप, परिवार आदिको अध्ययन अनुसन्धान ऐतिहासिक भाषाविज्ञानले

गर्दछ । ऐतिहासिक भाषाविज्ञानले भाषाको विकासको अध्ययन गर्दा कुनै पनि भाषाको पुरानो स्वरूप कस्तो थियो ? र पुरानो भाषिक स्वरूपबाट नयाँ स्वरूपमा आउँदा के कति परिवर्तन भयो त्यसको खोजी गर्दछ । शर्मा र लुइटेल (२०६४) का विचारमा समय क्रममा कुनै भाषाको विकास के कसरी भयो भन्ने अध्ययन ऐतिहासिक भाषाविज्ञानले गर्दछ (पृ.२२७) । भाषा कसरी विकसित हुँदै वर्तमान स्वरूपमा आइपुगेको छ भन्ने अध्ययन ऐतिहासिक भाषाविज्ञानको क्षेत्रभित्र पर्दछ । जस्तै : नेपाली भाषामा भानुभक्त आचार्यले प्रयोग गरेका क्रियापदहरू 'जान्या' जान्यो, 'मान्या' मान्यो, 'गया' गयो, 'भया' भयो, 'खाया' खायो किन, कहिले र कसरी परिवर्तन भए भन्ने बारेमा अध्ययन ऐतिहासिक भाषाविज्ञानमा गरिन्छ । यसमा भाषाको उत्पत्ति, विकास र भाषाको वर्गीकरणको अध्ययन गर्न सकिन्छ । कुनै पनि भाषाको प्रारम्भिक स्वरूप पहिल्याउन कठिन हुन्छ । भाषा कहिले उत्पत्ति भयो ? कसरी यसले आफ्नो यात्रा प्रारम्भ गऱ्यो ? र कसरी कति भागमा वर्गीकरण गरिएको छ ? आदिको अध्ययन ऐतिहासिक भाषाविज्ञानमा गरिन्छ ।

परिवर्तनको अध्ययन : भाषा परिवर्तनशील हुन्छ । समयअनुसार परिवर्तन हुनु भाषाको विशेषता हो । भाषामा परिवर्तन समय, दूरी, र भौगोलिकताका आधारमा हुन्छ । भाषाका परिवर्तन ध्वनि, वर्ण, रूप व्याकरण, अर्थ सबै क्षेत्रमा भए पनि बढी परिवर्तन ध्वनिमा देखिन्छ । भाषालाई परिवर्तन गर्ने अन्य तत्त्वहरूमा धर्म, वर्ण, जात, जाति, लिङ्ग, पेसा, शिक्षित, अशिक्षित आदि पर्दछन् । नेपाली भाषाका सन्दर्भमा वि. सं. १३१२ को अशोक चल्लको दामुपालको भाषा, भानुभक्तको रामायणको भाषा, रुद्रराजको रूपमतीको भाषा र वर्तमानमा प्रयोगमा आएको नेपाली भाषामा स्पष्ट भिन्नता देखिन्छ । यसरी विभिन्न कालखण्डमा भाषामाके, कति र कसरी परिवर्तन हुँदै आयो त्यसको अध्ययन ऐतिहासिक भाषाविज्ञानमा गरिन्छ । भाषामा हुने परिवर्तन बिस्तारै हुने हुँदा यसले परिवर्तित स्वरूपलाई ग्रहण गर्न लामो समय लाग्दछ । प्राथमिक कालीन नेपाली भाषा पावबाट पाउँनु, आवबाट आउँनु, करबाट गर्छ र माध्यामिक कालीन नेपाली भाषा षानुबाट खानु, दषिनबाट दक्षिण, वहिणीबाट बहिनी, षानुपिणुबाट खानुपिनुमा परिवर्तन हुन धेरै समय लागेको देखिन्छ । यसरी भाषामा परिवर्तन हुने परिवर्तनको अध्ययन ऐतिहासिक भाषाविज्ञानमा गरिन्छ ।

भाषामा आन्तरिक र बाह्य दुई कारणले परिवर्तन हुन्छ । भाषाको आन्तरिक परिवर्तन मुख्य गरी ध्वनि र शब्दमा गरिन्छ । भाषामा बाह्य परिवर्तन सामाजिक, ऐतिहासिक, राजनैतिक सांस्कृतिक आदि कारणले हुने गर्दछ । विदेशी वस्तुको प्रयोग, वैज्ञानिक आविष्कार, प्राविधिक उन्नति, सांस्कृतिक आदि विभिन्न कारणले भाषामा परिवर्तन हुन्छ भने त्यसलाई भाषामा हुने बाह्य परिवर्तन मानिन्छ । यसरी भाषामा आन्तरिक र बाह्य कारणले के कति परिवर्तन भयो त्यसको अध्ययन ऐतिहासिक भाषाविज्ञानमा गरिन्छ ।

कालिक अध्ययन : ऐतिहासिक भाषाविज्ञानले काल वा समयलाई आधार मानेर भाषाको कालिक अध्ययन गर्दछ । दुई वा दुईभन्दा बढी समय विन्दुलाई आधार मानेर भाषिक परिवर्तनको अध्ययन ऐतिहासिक भाषाविज्ञानले गर्दछ । यसले दुई कालिक समयमा भाषिक स्वरूपमा भएको विभिन्नतालाई समेत अध्ययन गर्दछ । दुई वा दुईभन्दा बढी समयमा भाषामा भएको परिवर्तनलाई यसमा अध्ययन गरिन्छ । कुनै पनि भाषा प्राथमिक कालमा के थियो, माध्यमिक कालमा के भयो र आधुनिक कालमा के

छ ? भन्ने अध्ययन ऐतिहासिक भाषाविज्ञानले गर्दछ । समयको परिवर्तनसँगसँगै भाषामा पनि परिवर्तन हुँदै जान्छ । समयको अन्तरालले भाषामा रहेका ध्वनि, वर्ण, व्याकरण, र अर्थ व्यवस्थामा भिन्नता आउँछ । नेपाली साहित्यको प्राथमिक, माध्यमिक र आधुनिक कालमा प्रयोग गरिने नेपाली भाषामा भिन्नता पाइन्छ। यसरी समयको अन्तरालले भाषामा के कति भिन्नता भयो त्यसको खोजी ऐतिहासिक भाषाविज्ञानमा गरिन्छ ।

स्थानिक अध्ययन : ऐतिहासिक भाषाविज्ञानले भाषाको स्थानिक अध्ययन गर्दछ। यस अध्ययनलाई भाषाभूगोल वा भाषा वंशविज्ञान पनि भनिन्छ । यसमा ठाउँको आधारमा भाषाको अध्ययन गरिन्छ । भाषाको कुनै दुई वा दुईभन्दा बढी ठाउँको स्थानिक अध्ययन गरेर विश्लेषण गर्न सकिन्छ । नेपालको सुदूरपश्चिम प्रदेशमा पर्ने डोटी, डडेल्धुरामा बोलिने नेपाली भाषा र पूर्वी नेपाल तथा दार्जिलिङमा बोलिने नेपाली भाषामा भिन्नता पाइन्छ । सीमा रेखा, सुगमता, दुर्गमता, सामाजिक, सांस्कृतिक एकरूपता, अनेकरूपता, बसाइँसराइ आदि विभिन्न कारणले भाषाको स्वरूपमा विविधता देखा पर्दछ । एउटै भाषालाई क्षेत्रगत आधारमा अलग किसिमले के कसरी प्रयोग गरिएको छ त्यसको खोजी ऐतिहासिक भाषाविज्ञानको स्थानिक अध्ययनमा गरिन्छ । 'खाजा' शब्दलाई ठाउँअनुसार अर्नी, चमेना, नास्ता, जलपान आदिको प्रयोग गरिएको पाइन्छ। ठाउँअनुसार नेपालको पश्चिमी पहाडी भागमा अर्नी र अन्य भागमा 'खाजा' भन्ने गरिन्छ । ठाउँअनुसार भाषाको उच्चारण व्यवस्था, शब्दभण्डार, वाक्य गठन र अर्थ व्यवस्थामा भिन्नता देखिन्छ। राजनीतिक सीमा रेखाले वक्ताहरूको मनोविज्ञान, सामाजिक, सांस्कृतिक पृष्ठभूमि, भाषिक स्रोत आदिमा भिन्नता हुन्छ। पश्चिम नेपालको दार्चुला, डडेल्धुरामा बोलिने नेपाली भाषा र भारतको धार्चुला, कुमाउ, गढवाल आदिमा बोलिने नेपाली भाषामा भिन्नता पाइन्छ। यसरी ठाउँअनुसार के कसरी परिवर्तन भयो त्यसको खोजी ऐतिहासिक भाषाविज्ञानले गर्दछ ।

पुनर्निर्माणको अध्ययन : भाषाको ऐतिहासिक अध्ययन गर्दा भाषा सङ्ख्या, परिवर्तन, उत्पत्ति, कालिक, स्थानिक आदि विभिन्न आधारमा अध्ययन गर्न सकिन्छ। भाषा के कसरी परिवर्तन हुँदै वर्तमान स्वरूपमा आइपुगेको छ ? त्यसको प्राचीन स्वरूप के कस्तो थियो ? त्यसको खोजी गर्ने काम भाषाको ऐतिहासिक अध्ययन पद्धत्तिमा गरिन्छ । पुनर्निर्माण भाषाको ऐतिहासिक अध्ययन गर्ने महत्त्वपूर्ण पद्धति मानिन्छ। भाषाको प्राचीन लेख्य रूप नपाउँदा वा लेख्य रूप लुप्त भएको खण्डमा सो प्राचीन रूप (ध्वनि, शब्द, व्याकरण आदि) को खोजी गर्नु अर्थात् निर्माण गर्नु नै पुनर्निर्माण हो (शर्मा र लुइटेल २०६४, पृ. २३२) । भाषाको प्राचीन स्वरूप पत्ता लगाउन लिपिबद्ध सामग्रीको आवश्यकता पर्दछ। लिपिबद्ध सामग्री सबै भाषामा प्राप्त गर्न सकिँदैन। वर्तमान भाषाको अध्ययन विश्लेषण गरी अनुमानका आधारमा भाषाको प्राचीन स्वरूपको खोजी गरिने अध्ययन पद्धतिलाई पुनर्निर्माण भनिन्छ । पुनर्निर्माण वास्तविक नभएर अनुमान र अन्दाजका आधारमा गरिन्छ ।

भाषाको प्राचीन ध्वनि, वर्ण, शब्द र व्याकरण प्राप्त नहुँदा तुलनात्मक पद्धतिका आधारमा भाषाको पुनर्निर्माण गरिन्छ । भाषाको एक पक्ष पत्ता लागे पनि त्यसको गहन अध्ययनका लागि अन्य पक्षको खोजी गर्न, मूल स्रोत पहिचान गर्न, पारिवारिक स्थिति पहिचान गरी निष्कर्षमा पुग्न भाषाको पुनर्निर्माण गरिन्छ। पारिवारिक दृष्टिले आपसमा सम्बद्ध भाषाहरूको शब्द, रूप, ध्वनि तथा वाक्य निर्माणका नियम

आदिको ऐतिहासिक अध्ययनका आधारमा मूल भाषाको ध्वनि, शब्द, रूप आदिको पत्ता लगाउनु पुनर्निर्माण हो (तिवारी, सन् २००६, पृ. ४३४) । संस्कृत, फारसी, ग्रिसेली, ल्याटिन आदि भाषाहरूको ऐतिहासिक आधारमा पुनर्निर्माण गरिएको पाइन्छ । भाषाको ऐतिहासिक पद्धतिका सहायताले पुरानो ध्वनि, रूप, शब्द, वाक्य, व्याकरणिक कोटि आदिको पुनर्निर्माण गर्न सकिन्छ । पुनर्निर्माण प्रक्रियाले भाषाहरूको पारिवारिक साइनोलाई विश्वसनीय तुल्याउन र तिनका वक्ताहरूको इतिहास, संस्कृति, सभ्यता, आदिका विशेषता ठम्याउन ठुलो सहयोग पुऱ्याएको छ (गिरी, २०५१, पृ. ७८) ।

भाषाको प्राचीन रूप नपाइँदा वा लेख्य रूप लुप्त भएका खण्डमा सो प्राचीन रूप, ध्वनि, शब्द, व्याकरण आदिको खोजी गर्नु अर्थात् निर्माण गर्नु नै पुनर्निर्माण हो (शर्मा र लुइटेल, २०६४, पृ. २३२) । पुनर्निर्माण तुलनात्मक पद्धतिमा आधारित रहेको छ । तुलनात्मक पद्धतिका दुई तरिकामा तुलनात्मक पुनर्निर्माण र आन्तरिक पुनर्निर्माण रहेका छन् (गौतम, ओझा र सुवेदी, २०६७, पृ. २८८) । तुलनात्मक पुनर्निर्माणलाई बाह्य पुनर्निर्माण पनि भनिन्छ । पुनर्निर्माणलाई शर्मा र लुइटेल (२०६४) ले आन्तरिक पुनर्निर्माण र बाह्य पुनर्निर्माण गरी दुई प्रकारमा विभाजन गरेका छन् (पृ.२३३) । पुनर्निर्माण गरिएका शब्दलाई ताराङ्कित यस्तो (★) चिह्नले सङ्केत गरिन्छ । भाषाको प्राचीन अवशेष खोजी गरी त्यसको वर्तमान भाषामा के कति प्रभाव पारेको छ त्यसको अध्ययन विश्लेषण गरी भाषाको पुनर्निर्माण गरिन्छ । पुनर्निर्माण आन्तरिक र बाह्य वा तुलनात्मक गरी दुई प्रकारमा विभाजन गरिन्छ ।

एउटै भाषाको प्राचीन ध्वनि, वर्ण, रूप, शब्द, वाक्य, अर्थ, व्याकरण आदि पूर्ववर्ती रूपको खोजी गरी पुनर्निर्माण गरिन्छ भने त्यसलाई आन्तरिक पुनर्निर्माण भनिन्छ । जब हामी एउटै भाषाको इतिहास पत्ता लगाउन त्यस भाषाका पूर्ववर्ती रूपको पुनर्निर्माण गर्छौं त्यसलाई आन्तरिक पुनर्निर्माण भनिन्छ (बन्धु ,२०४८, पृ. १३८) । नेपाली भाषाको पुनर्निर्माण गर्नुपरेमा यसको पूर्ववर्ती रूप खस भाषाको तुलनात्मक अध्ययन गरिन्छ । पुरानो लिखित रूप नभएको कुनै एक भाषाका लुप्त रूपको निर्माण गर्नु आन्तरिक पुनर्निर्माण हो (शर्मा र लुइटेल, २०६४, पृ. २३३) । यसबाट कुनै एक भाषाको विगतको भाषिक रूपको अनुमान गर्न सकिन्छ । यसरी एउटै भाषाको आन्तरिक पुनर्निर्माणबाट भाषाको वास्तविक स्थिति प्राप्त गर्न कठिन हुन्छ ।

दुई वा दुईभन्दा बढी भाषाका ध्वनि, वर्ण, रूप, शब्द, वाक्य, अर्थ, व्याकरण आदि पक्षको तुलना गरिन्छ भने त्यसलाई बाह्य पुनर्निर्माण भनिन्छ । दुई वा दुईभन्दा बढी परस्पर समान अर्थात् सजातीय भाषाहरूको प्राप्त रूपका आधारमा तुलनात्मक पद्धतिबाट तिनका मूल भाषा वा साझा भाषाका प्राचीन रूपको खोजीलाई बाह्य पुनर्निर्माण भनिन्छ (शर्मा र लुइटेल, २०६४, पृ. २३३) । बाह्य पुनर्निर्माणलाई तुलनात्मक पुनर्निर्माण पनि भनिन्छ । जब हामी कुनै दुईभन्दा बढी भाषा वा भाषिकाको बिचमा तुलना गरेर तिनका मूल रूपको पुनर्निर्माण गर्छौं त्यसलाई तुलनात्मक पुनर्निर्माण भनिन्छ (बन्धु ,२०४८, पृ. १३८) । यसबाट दुई वा दुईभन्दा बढी भाषाको तुलनात्मक पुनर्निर्माणले भाषाको इतिहास, भाषाहरूबिचको सम्बन्ध, पारिवारिक स्थिति पत्ता लगाउन सकिन्छ

## नेपाली भाषाको ऐतिहासिक अध्ययन

नेपाली भाषाको ऐतिहासिक अध्ययन गर्ने सन्दर्भमा भाषाको पहिचान, उत्पत्ति, विकास, स्थानिक, भाषिक परिवर्तनका कारण, पारिवारिक वर्गीकरणगरिएको पाइन्छ । नेपाली भाषाको ऐतिहासिक सम्बन्ध भारोपेली परिवारसँग रहेको छ। संसारका विभिन्न भाषा परिवारमध्ये भारोपेली परिवार सर्वाधिक महत्त्वपूर्ण र विकसित मानिन्छ। भारतेली र युरोपेली दुई शब्दको सङ्क्षिप्त रूप भारोपेली हो । भौगोलिक आधारमा पूर्वमा भारतीय उपमहाद्विपदेखि पश्चिममा युरोपसम्म बोलिने भाषाहरू यसअन्तर्गत पर्दछन् । मूल भारो पेली भाषालाई ध्वनिका आधारमा सतम् र केन्तुम\ गरी दुई वर्गमा विभाजन गरिन्छ । सय सङ्ख्यालाई उच्चारण गर्दा सुरुमा श/ज हुन्छ त्यसलाई सतम् र क/ह उच्चारण भएमा त्यसलाइ{ केन्तुम\ वर्गमा विभाजन गरिन्छ । नेपाली भाषाको ऐतिहासिक सम्बन्ध भारोपेली परिवारको सतम\ वर्गसँग रहेको छ । सतम\ वर्गको भारत इरानेली शाखालाई इरानेली, दरदेली र भारतेली तीन वर्गमा विभाजन गरिन्छ । नेपाली भाषाको सम्बन्ध भारतेली आर्य वा संस्कृत भाषासँग रहेको छ। आर्य वा संस्कृत भाषालाई प्राचीन, मध्ययुगीन र आधुनिक गरी तीन कालमा विभाजन गरिन्छ । यो विभाजन ऐतिहासिक भाषाविज्ञानको कालिक अध्ययन क्षेत्रअन्तर्गत पर्दछ ।

ऐतिहासिक अध्ययन पद्धतिका आधारमा नेपाली भाषाको उत्पत्तिका सम्बन्धमा विद्वान्हरूको मत एउटै हुन सकेको छैन । नेपाली भाषाको उत्पत्तिका सम्बन्धमा विद्वान्हरूको मतमतान्तरलाई यहाँ प्रस्तुत गरिएको छ । नेपाली भाषाको उत्पत्तिका बारेमा ऐतिहासिक चर्चा गर्ने प्रथम विदेशी विद्वान् होर्नले हुन् । उनले 'नेपाली भाषाको उत्पत्ति'(सन् १८८०) ग्रन्थमा आर्यभाषा अन्तर्गत पूर्वी, पश्चिमी, उत्तरी र दक्षिणी गौडी गरी चार भेदमा बाढेका छन् । यी चार भेदमध्ये उत्तरी गौडीअन्तर्गत नेपाली, गढवाली र कुमाउनी भाषाको उत्पत्ति भएको हो भन्ने तर्क होर्नलेको रहेको  छ । जर्ज अब्राहम ग्रियर्सनका विचारमा शौरसेनी प्राकृतबाट अपभ्रंश भई राजस्थानी भाषाको विकास भएको हो । राजस्थानी भाषासँग नेपाली भाषाको सम्बन्ध निकट रहेको छ । सुनीतिकुमार चटर्जीले 'बङ्गाली भाषाको उत्पत्ति र विकास' (सन् १९१६) ग्रन्थमा खस भाषाको उत्तर पश्चिमी पहाडी हाँगाबाट नेपाली भाषाको उत्पत्ति भएको हो भन्ने तर्क अघि सारेका छन् । राल्फ लिली टर्नरले 'नेपाली भाषाको मूल' (सन् १९५६) पुस्तकमा नेपाली भाषाको उत्पत्ति मागधी प्राकृत हुँदै त्यसको अपभ्रंश भाषाबाट भएको हो भन्ने विचार प्रस्तुत गरेका छन्। सूर्यविक्रम ज्ञवालीले नेपाली भाषा संस्कृतबाट विकसित भई शौरसेनी प्राकृतअन्तर्गत भएको हो भन्ने तर्क अघि सारेका छन् । भाषाविद् बालकृष्ण पोखरेलले 'राष्ट्रभाषा' (२०२२) मा नेपाली भाषा शौरसेनी प्राकृतबाट उत्पत्ति भएको माने तापनि उनको पछिल्लो अध्ययन 'नेपाली भाषाको उत्पत्ति' (२०४७) ले खस अपभ्रंशबाट नेपाली भााषाको उत्पत्ति भएको बताएका छन् । तारानाथ शर्माले 'नेपाली साहित्यको इतिहास' (२०३९) पुस्तकमा भारोपेली परिवारको संस्कृतको विभिन्न प्राकृतमध्ये कुनै एकबाट नेपाली भाषाको उत्पत्ति भएको हो भन्ने विचार राखेका छन् । भाषाशास्त्री चूडामणि बन्धुले 'नेपाली भाषाको उत्पत्ति' (२०३६) पुस्तकमा नेपाली भाषा हिमाली भेगअन्तर्गत खसवर्गबाट विकसित भएको खस अपभ्रंशबाट नेपाली भाषाको उत्पत्ति भएको हो भन्ने विचार राखेका छन्  । मोहनराज शर्मा र कृष्णहरि बरालले एउटा आधुनिक आर्य भाषाका रूपमा नेपाली भाषाको उद्भव खस अपभ्रंशबाट एघारौं शताब्दीतिर भएको हो भन्ने तर्क प्रस्तुत गरेका

छन् । खस प्राकृत र त्यसैबाट अपभ्रंश भाषाबाट नेपाली भाषाको उत्पत्ति भएको हो भन्ने विचार देवीप्रसाद गौतमको रहेको छ । प्रस्तुत अध्ययन भाषाको ऐतिहासिक पद्धतिमा आधारित छन् ।

## नेपाली भाषाको उद्‌भव

ऐतिहासिक भाषाविज्ञानले भाषाको उद्‌भवको अध्ययन गर्दछ । नेपाली भाषाको उद्‌भव पहिचान गर्ने क्रममा ध्वनिलाई आधार मानिएको छ। भारोपेली परिवारलाई ध्वनिका आधारमा सतम् र केन्तुम\ गरी दुई वर्गमा विभाजन गरिन्छ । सतम् वर्गमा पर्ने भारत इरानेली शाखालाई इरानेली, दरदेली र भारतेली तीन वर्गमा विभाजन गरिन्छ । नेपाली भाषाको ऐतिहासिक सम्बन्ध भारतेली आर्य वा संस्कृत भाषासँग रहेको छ। आर्य वा संस्कृत भाषालाई प्राचीन, मध्ययुगीन र आधुनिक गरी तीन कालमा विभाजन गरिन्छ। प्राचीन आर्य भाषाबाट वैदिक र लौकिक संस्कृत, मध्ययुगीन आर्यबाट प्रथम, द्वितीय र तृतीय प्राकृत भाषाको जन्म भएको मानिन्छ । प्रथम भाषाबाट पाली तथा द्वितीय र तृतीय प्राकृत भाषाबाट शौरसेनी, पैसाची, महाराष्ट्री, अर्ध मागधी, मागधी र खस भाषाको जन्म हुन पुग्दछ । तृतीय प्राकृतबाट विभिन्न अपभ्रंश भाषाको जन्म हुन्छ । यी विभिन्न प्राकृतमध्ये खस प्राकृतअन्र्तगत खस अपभ्रंशबाट नेपाली भाषाको उत्पत्ति एघारौँ शताब्दीमा भएको मानिन्छ । नेपाली भाषाको उत्पत्तिका विषयमा मतमतान्तर भए पनि खस प्राकृतबाट अपभ्रंश हुँदै नेपाली भाषाको उत्पत्ति भएको हो भन्ने अधिकांश विद्वान्हरूको मत रहे को छ । नेपाली भाषाको उद्‌भव प्रक्रियाको ऐतिहासिक विकास क्रमलाई यहाँ प्रस्तुत गरिएको छ । खतिवडा (२०७५) का विचारमा भारोपेली परिवारको सतम्वर्ग > भारत इरानेली > भारतेली आर्य संस्कृत (ई.पू.१५००-५००) > मध्यकालीन आर्य (ई.पू.५००-१०००) > प्राकृत (ई.पू.५०० देखि ई.५००) > अपभ्रंश ई.५००- ई १०००) > नेपाली (ई. १०००) हुँदै एघारौं शताब्दीको प्रारम्भमा नेपाली भाषाको उत्पत्ति भएको मानिन्छ (पृ. ३ ) ।

## नेपाली भाषाको विकास

ऐतिहासिक भाषाविज्ञानले भाषाको विकासको अध्ययन गर्दछ । नेपाली भाषाको पुरानो स्वरूप कस्तो थियो ? र पुरानो भाषिक स्वरूपबाट नयाँ स्वरूपमा आउँदा के कति परिवर्तन भयो त्यसको खोजी गरेको छ । यात्री (२०३९) का विचारमा एघारौँ शताब्दीमा उत्पत्ति भएको नेपाली भाषा समय सापेक्ष परिवर्तन हुँदै हालको अवस्थासम्म आई पुगेको छ (पृ.१२२) । विकासको गतिसँगै नेपाली भाषा खस, पर्वते, गोर्खाली हुँदै नेपाली भाषासम्म आइपुगेको छ। एघारौँ शताब्दीतिर जन्मिएको नेपाली भाषाको प्राचीनतम ऐतिहासिक अभिलेखहरू खोज र अनुसन्धानका विषय बनेका छन् । नेपाली भाषाको उत्पत्तिका विषयमा मतमतान्तर भए पनि खस प्राकृतबाट अपभ्रंश हुँदै नेपाली भाषाको उत्पत्ति भएको हो भन्ने अधिकांश विद्वान्हरूको मत रहेको छ । ऐतिहासिक तथ्यका आधारमा खस राज्यको स्थापना गर्ने नागराज हुन् । उनले कर्णालीको सिँजालाई शीतकालीन राजधानी र दुल्लुलाई ग्रीष्मकालीन राजधानी बनाई खस राज्यको स्थापना गरेपश्चात् खस भाषालाई राज भाषा बनाए । छैटौँ नागराज अशोक चल्लको १३१२ को हुम्लाको रेलिङ्ग, गुम्बामा पाइएको प्रशासनिक ताम्रपत्रलाई हालसम्मकै प्राचीनतम ऐतिहासिक अभिलेख मानिन्छ । यात्री (२०४९) का विचारमा खोज गरी पत्ता लगाउने योगी नरहरि नाथ, जानकारी दिने मोहनप्रसाद खनाल र पूर्णपाठ पढी तयार पार्ने सूर्यमणि अधिकारी हुन् (पृ.४३ -४६) । यसको खोजी ऐतिहासिक भाषाविज्ञानको ऐतिहासिक कालिक अध्ययन क्षेत्रमा गर्न सकिन्छ ।

नेपाली भाषाको प्रारम्भिक पछिल्लो खोजअनुसार पूर्णप्रकाश नेपाल यात्री र योगी नरहरि नाथले वि. सं. १०३८ को दामुपालको दुल्लु अभिलेखलाई अघि सारिएको छ (शर्मा र बराल, २०५५, पृ. २३)। यो अभिलेख प्रमाणित हुन सकेमा नेपाली भाषाको इतिहास अझ लम्बिने देखिन्छ। यस अभिलेखलाई योगी नरहरि नाथले २०१३ मा र पूर्णप्रकाश नेपाल यात्रीले २०३९ मा प्रकाशित गरेका हुन्। तर दुवैको पठन फरक भएकाले आधिकारिक रूपमा प्रमाणिक हुन सकेको छैन। नेपाली भाषाको उत्पत्तिका सम्बन्धमा मत मतान्तर भएजस्तै नेपाली भाषाको ऐतिहासिक विकासक्रममा पनि विद्वान्हरू बिचमा एकमत हुन सकेको छैन। केही विद्वान्हरूले प्राथमिक, माध्यामिक र आधुनिक कालमा विभाजन गरी एघारौं शताब्दीदेखि पन्ध्रौ शताब्दीसम्म प्राथमिक काल, सोह्रौंदेखि उन्नाइसौं शताब्दीसम्म माध्यमिक काल र बिसौं शताब्दीदेखि हालसम्म आधुनिक काल मानेका छन्। नेपाली भाषा खस प्राकृतको अपभ्रंशबाट उत्पत्ति भएको आधारमा एघारौँ शताब्दीमा खस राज्यको स्थापनादेखि त्यसको विघटनसम्मलाई प्राथमिक काल मानिन्छ। बाइसे, चौबिसे राज्यको स्थापनादेखि गोरखापत्रको प्रकाशनसम्मलाई माध्यमिक काल र गोरखापत्र प्रकाशनपछि हालसम्मलाई आधुनिक काल गरी नेपाली भाषाको ऐतिकासिक समय सीमा निर्धारण गर्न सकिन्छ।

## ऐतिहासिक भाषाविज्ञानका उपलब्धिहरू

भाषाको उत्पत्ति, विकास परिवर्तन के कसरी भएको छ त्यसको खोजी ऐतिहासिक भाषाविज्ञानले गर्दछ। भाषिक अध्ययनको स्पष्ट आधार तयार पार्नु र भाषाशास्त्र र व्याकरणलाई भाषाविज्ञानका रूपमा अध्ययन गर्नु ऐतिहासिक भाषाविज्ञानको उपलब्धि मानिन्छ। भाषाविज्ञानलाई अलग्गै विधाका रूपमा स्वीकार गरेर यसको पाठ्यक्रम निर्माण गरी विश्वविद्यालयमा पठनपाठन भएको छ। ऐतिहासिक भाषाविज्ञानको अध्ययनसँगसँगै विश्वका भाषाको अध्ययन गरी सङ्ख्या निर्धारण गरिएको छ। ऐतिहासिक भाषाविज्ञानले संसारका भाषाको पारिवारिक, प्रकार्यपरक र भौगोलिक अध्ययन गरेको छ। यस भाषाविज्ञानले विभिन्न ऐतिहासिक ग्रन्थको अनुवाद गरेर पूर्वीय र पाश्चात्य भाषाको विकास परम्परामा योगदान गरेको छ। लोप हुँदै गएका भाषा र लिपिको खोजी गर्नु, भाषा र भाषिका विचको अन्तरको पहिचान गर्नु, भाषालाई विज्ञानको रूपमा स्थापित गरी एउटा निष्कर्ष निकाल्नु ऐतिहासिक भाषाविज्ञानको उपलब्धि मानिन्छ। भाषा कसरी परिवर्तन र विकसित हुँदै आएको छ, त्यसको एक भाषिक, अनेक भाषिक, कालिक, स्थानिक र आन्तरिक र बाह्य पुनर्निर्माणको अध्ययन विश्लेषण गर्नु ऐतिहासिक भाषाविज्ञानको उपलब्धि मानिन्छ।

## निष्कर्ष

ऐतिहासिक भाषाविज्ञानले भाषाको उद्भव, विकास, परिवर्तनका साथै त्यसका विविध पक्षको विश्लेषण गर्दछ। कालक्रमिक रूपमा अध्ययन गरिने हुँदा यसमा तुलनात्मक पद्धतिको समेत प्रयोग गरिन्छ। कुनै भाषाको उत्पत्तिदेखि वर्तमानसम्मको कालक्रमिक अध्ययन गर्ने हुँदा यसमा भाषाको इतिहासको अध्ययन गरिन्छ। ऐतिहासिक भाषाविज्ञान वर्णनात्मक तथा तुलनात्मक भाषाविज्ञानभन्दा पुरानो मानिन्छ। भाषाको विकास, परिवर्तन, कालक्रम, उद्भव आदि पक्षको अध्ययन गरी इतिहास निर्धारण गर्ने काम ऐतिहासिक भाषाविज्ञानले गर्दछ। भाषाको पुरानो स्वरूप कस्तो थियो ? र पुरानो भाषिक स्वरूपबाट नयाँ स्वरूपमा आउँदा के कति परिवर्तन भयो त्यसको खोजी ऐतिहासिक भाषाविज्ञानले गर्दछ। नेपाली भाषाको ऐतिहासिक अध्ययन गर्ने सन्दर्भमा भाषाको पहिचान, उत्पत्ति, विकास, स्थानिक,

भाषिक परिवर्तनका कारण, पारिवारिक वर्गीकरण गरिएको पाइन्छ । ऐतिहासिक भाषाविज्ञानले विभिन्न ऐतिहासिक ग्रन्थको अनुवाद गर्ने, पूर्वीय र पाश्चात्य भाषाको विकास परम्पराको चिन्तन गर्दै आएको छ । लोप हुँदै गएका भाषा र लिपिको खोजी गर्ने, भाषा र भाषिकाबिचको अन्तरको पहिचान गर्ने र ऐतिहासिक अध्ययन पद्धतिका आधारमा भाषालाई विज्ञानको रूपमा स्थापित गरेको छ । यसरी कुनै पनि भाषाको विभिन्न कालमा भएको परिवर्तनलाई अध्ययन गरी सिद्धान्त निर्माण गर्ने काम ऐतिहासिक भाषाविज्ञानले गर्दछ ।

## सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०४९), समसामयिक नेपाली व्याकरण, कुञ्जल प्रकाशन ।

अधिकारी, हेमाङ्गराज (२०५२), नेपाली कारक व्याकरण, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

अधिकारी, हेमाङ्गराज (२०६८), प्रयोगात्मक नेपाली व्याकरण. (चौ.सं.), साझा प्रकाशन ।

अधिकारी, हेमाङ्गराज र भट्टराई बद्रीविशाल (२०६३), प्रयोगात्मक नेपाली शब्दकोश, विद्यार्थी पुस्तक भण्डार ।

खतिवडा, लयप्रसाद (२०७८). भाषाविज्ञानको सैद्धान्तिक पक्ष. ड्रिमल्याण्ड पब्लिकेसन ।

खतिवडा, लयप्रसाद (२०७५), नेपाली भाषा र व्याकरण, लेखक स्वयम् ।

गिरी, जीवेन्द्र देव (२०५१), भाषाको तुलनात्मक अध्ययन र पुनर्निर्माण प्रक्रिया, सुनकोसी - वर्ष १, पृ. ७४ - ८४ ) ।

गौतम, देवीप्रसाद (२०४९),नेपाली भाषा परिचय, साझा प्रकाशन ।

गौतम, देवीप्रसाद, ओझा रामनाथ र सुवेदी सखिशरण (२०६७),सामान्य भाषाविज्ञान, पिनाकल पब्लिकेशन ।

तिवारी, भोलानाथ (सन् २००१),भाषाविज्ञान (सत्रौँ सं), किताब महल ।

न्यौपाने, टङ्कप्रसाद (२०६१).भाषाविज्ञानको रूपरेखा (दो.सं.), नेपाल बुक डिपो ।

न्यौपाने, टङ्कप्रसाद, भण्डारी पारसमणि, र न्यौपाने दीपकप्रसाद (२०६७),भाषाविज्ञानका प्रमुख सिद्धान्त, विद्यार्थी पुस्तक भण्डार ।

पोखरेल, माधवप्रसाद (२०५३),क्याम्पस स्तरीय नेपाली वाक्य व्याकरण, नवीन प्रकाशन ।

पोखरेल, माधवप्रसाद (२०५६), नेपाली वाक्य व्याकरण (दो.सं.), एकता बुक्स ।

बन्धु, चूडामणि (२०५३), भाषाविज्ञान, (सातौँ.सं.), साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०५७),भाषा विज्ञानका सम्प्रदाय, एकता बुक्स ।

भुसाल, केशव (२०७०), सामान्य भाषाविज्ञान, पाठशाला पब्लिकेसन ।

यादव, योगेन्द्रप्रसाद र रेग्मी भीमनारायण (२०५८),भाषाविज्ञान, न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

रावत, रमेश (सन् २००५), भाषाविज्ञान, जयपुर : पंचशील प्रकाशन ।

राष्ट्रिय भाषा नीति सुझाब आयोग (२०५०). राष्ट्रिय भाषा नीति सुझाव आयोगको प्रतिवेदन प्रज्ञा भवन कमलादी ।

शर्मा, मोहनराज र बराल कृष्णहरि (२०५५).भाषाविज्ञान र नेपाली भाषा, नवीन प्रकाशन

शर्मा, मोहनराज र लुइटेल खगेन्द्रप्रसाद (२०६४),आधुनिक भाषाविज्ञान, विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, देवेन्द्रनाथ र शर्मा, दीप्ति (सन् १९६६), भाषाविज्ञानकी भूमिका, राधाकृष्ण प्रकाशन प्राइवेट लिमिटेड ।

शर्मा, राजमणि (सन् २०००), आधुनिक भाषाविज्ञान, वाणी प्रकाशन ।